नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# पुराना जिन्सी मालसामानहरुको लिलाम सम्बन्धी ७ दिने सूचना !

**सूचना प्रकाशन भएको मितिः २०८२।३।२१ गते शनिबार**

तल उल्लेखित काम नलाग्ने भई लिलाम गर्नुपर्ने पुराना कम्प्युटर, ल्यापटप, प्रिन्टर लगायतका ईलेक्ट्रोनिक्स सामानहरु त्यसैगरी यु.पि.यस, एयर कन्डिसनर लगायतका मेशिनरी औजारहरु तथा फर्निचर सामानहरु लगायत कवाडी सामानहरु समेत सम्पुर्णरुपमा लिलाम सकार गरी न्युनतम मुल्यमा बढाबढ गरी लैजानको लागि ईच्छुक व्यक्ति तथा फर्म/कम्पनिको लागि यो सूचना प्रकाशन गरीएको छ । लिलाम सम्बन्धी अन्य कुरा बुझ्नु वा लिलाम सामानहरु हेर्नु पर्ने भएमा कार्यालय समयमा मन्त्रालयको जिन्सी इकाईमा सम्पर्क राख्नुहुन समेत सम्बन्धित सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

| क्र.सं. | मालसामानको नाम | स्पेशिफिकेशन | परिमाण (थान/कि. ग्रा.) | मुल्यांकन समितिको मुल्यांकनवाट कायम हुन आएको कुल मुल्य |
|---|---|---|---|---|
| १ | टेलिभिजन | | १ | २७२८.६८ |
| २ | सि.सि. क्यामरा | | ३ | १९४५.७९ |
| ३ | ग्यास चुल्हो | | १ | ८४४.६९ |
| ४ | डेक्सटप कम्प्युटर सेट | | ११ | १६७०४.१४ |
| ५ | ल्यापटप कम्प्युटर सेट | | ९ | २६५४८.९१ |
| ६ | प्रिन्टर | | १२ | ५४८९.३१ |
| ७ | एयर कन्डिसनर | | १ | १७१८.०६ |
| ८ | UPS | | ४ | १२५८.१३ |
| ९ | पंखा स्टान्ड भएको | | २ | ८५२.३७ |
| १० | ग्यास हिटर | | २ | २३७३.०५ |
| ११ | टेवल | | २ | ३४३.८५ |
| १२ | दराज स्टीलको | | २ | ५१३२.९० |
| १३ | कम्प्युटर टेवल | | २ | ५३४.९८ |
| १४ | र्‍याक | स्टील | ९ | ३४१४.७७ |
| १५ | स्टुल | | ६ | ६८८.६३ |
| १६ | कुर्सी | स्टील | १५ | ११३५.८७ |
| | कुर्सी | साधारण तथा मिटिङ्ग | १६ | १५६९.१२ |
| १७ | बुक स्ट्यान्ड | | ८० | २८५.०९ |
| १८ | गाडि तथा अन्य मेशिनरी सामान मर्मत गर्दा निस्किएका कवाड सामानहरु | | ५० | १८७५.०० |
| | | | | ७५४४३.३४ |

कुल न्यूननतम मुल्यांकन रु . ७५४४३।३४ (अक्षरेपी रुपैया पचहत्तर हजार चार सय त्रिचालिस पैसा चौतिस मात्र )

उपसचिव

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

## जिन्सी सामानहरुको लिलाम बढाबढ सम्बन्धी बोलपत्र फाराम

२०८१/८२

बोलपत्र दाता फर्म/व्यक्तिको नाम:

ठेगाना:

सम्पर्क:

क) फोन नं.:

ख) मोबाईल नं.

बोलपत्र दाता फर्म/व्यक्तिको छाप/नागरिकता नं.:

मूल्य रु.१०००।-

# नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
# सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

## लिलाम बिक्रिको सूचना

(प्रथम पटक प्रकाशित भएको मिति २०८२/०३/२१ गते)

यस मन्त्रालयको आ.व.२०८०/८१ को जिन्सी निरिक्षण प्रतिवेदनबाट लिलाम बिक्रि गर्न उपयुक्त हुने भनी उल्लेख गरिएका सम्पति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन सोही अवस्थामा लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले सात दिन भित्र (मिति २०८२/०३/२७ गते) लिलाम बिक्री लागी कायम न्युनतम मुल्यको दश प्रतिशतले हुने रु ७,५५०।- (सात हजार पाँच सय पचास) नगद धरौटी सहित निवेदन दिनुहुन यो लिलाम बढाबढ आव्हान गरिएको छ।लिलाम सम्बन्धी अन्य कुरा जानकारी चाहिएमा मन्त्रालयको जिन्सी शाखा वा वेभसाइट www.mofaga.gov.np मा समेत हेर्न सकिनेछ।

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं ।

## जिन्सी सामानहरुको लिलाम बढाबढ सम्बन्धी बोलपत्र फाराम

## बोलपत्र आव्हानको सूचना

**सूचना प्रकाशित मिति: २०८२।०३।२१**

यस मन्त्रालयमा रहेका पूराना ल्यापटप कम्प्यूटर,प्रिन्टर फोटोकपी मेसिन टेवुल र्‍याक लगायतका मालसामानहरु जे जस्तो अवस्थामा छन् सोहि अवस्थामा सिलवन्दी बोलपत्र माध्यमबाट बढाबढ गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्महरुको निम्न लिखित सर्तको अधिनमा रहि सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समय सम्म यस मन्त्रालयको स्टोर शाखा (कोठा नं.९) बाट रु.१०००।-(अक्षेरुपी एक हजार रुपैयाँ मात्र) फिर्ता नहुने गरि मन्त्रालयको कार्यालय **कोड नं. ३६५००३५०१ भएको राजश्व शीर्षक १४२२९** मा जम्मा गरिएको भौचर वा नगदै दाखिला गरि खरिद गर्न सकिनेछ अन्तिम दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेपछि दिनको कार्यालय समय सम्म खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको १२:०० बजे भित्र कोठा नं.९ मा दर्ता गराई सक्नुपर्नेछ। सो दिन बिदा परेमा कार्यालय खुलेको दिनको १२:०० बजे भित्र दर्ता गराई सक्नुपर्नेछ। बोलपत्र फाराम सिलबन्दी गरि खामको बाहिर बोलपत्र दाताको नाम, ठेगाना खुलाई संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको जिन्सी सामान लिलाम सम्बन्धी बोलपत्र २०८२ उल्लेख भएको हुनुपर्नेछ ।

३. पर्न आएका बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको १:०० बजे मन्त्रालयको आन्तरिक व्यवस्थापन शाखा (कोठा नं.६) मा उपस्थित व्यक्ति फर्म/कम्पनी र अन्य प्रतिनीधिहरुको रोहबरमा खोलिनेछ। तर व्यक्ति वा फर्महरुको प्रतिनीधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त बोलपत्र खोल्ने दिन बिदा परेमा त्यसपछिको कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ। बोलपत्र स्वीकृत भएको मितिले सात (सात) दिन भित्र स्वीकृत बोलपत्र दाताले सामान उठाई सकेको हुनुपर्नेछ ।

४. बोलपत्र साथ आफूले कबोल गरेको अंकको १० (दश) प्रतिशतले हुन आउने बोलपत्र जमानत बापतको रकम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नाममा जम्मा हुने गरि कोष

तथा लेखा नियन्त्रक कार्यालयको धरौटी खाता नं. १९६०१००१०२०३०००० मा नगद जम्मा गरेको बैंक भौचर / नगद वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले ४५ दिन म्याद भएको बाणिज्य बैंकद्वारा यस मन्त्रालयको नाममा जारी भएको सोहि रकम बराबरको बैंक ग्यारेन्टी बिडबोण्ड पेश गर्नुपर्नेछ ।

५. बोलपत्र पेश गर्ने इच्छुक ब्यक्ति, रजिष्टर्ड फर्म/कम्पनीले मूल्य अभिवृद्धिकर/प्यान दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.ब. २०८०/८१ सम्मको कर चुक्ता पत्रको प्रमाणित प्रतिलिपि, सार्वजिनक खरिद बिक्री सम्बन्धी कार्यमा अयोग्य नभएको स्व-घोषणा र इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि बोलपत्र फाराम साथ संलग्न राख्नुपर्नेछ ।

६. सार्वजिनक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम रित नपुगि आएको बोलपत्रहरु उपर कुनै कारबाहि गरिनेछैन।

७. सिलबन्दी बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार मन्त्रालयमा निहित रहनेछ ।

८. माथि उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।

९. मालसामानको कूल न्यूनतम मूल्य रु. **७५,४४३.३४ (अक्षेरेपी पचहत्तर हजार चार सय त्रिचालिस रुपैयाँ पैसा चौतिस मात्र)** कायम भएकोले सो रकम देखि माथि मात्र कबोल अंक लेख्न सकिनेछ । बोलपत्र स्वीकृत भएको बोलपत्रदार्ताले आफूले कबोल गरेको रकममा नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर १३ % समेत थप गरि जम्मा हुन आउने रकम दाखिला भुक्तानी गर्नुपर्नेछ ।

१०. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा वा उल्लिखित सामानहरु हेर्नुपरेमा कार्यालय खुलेको समय भित्र मन्त्रालयको खरिद इकाई तथा जिन्सी शाखामा सम्पर्क राख्न सकिनेछ ।

११. यो सूचना मन्त्रालयको सूचना पाटी, वेभसाईट www.mofaga.gov.np मा समेत हेर्न सकिनेछ ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

त्यस मन्त्रालयबाट मिति २०८२/०३/२१ मा प्रकाशित भएको पूराना जिन्सी सामानको लिलाम बिक्री सम्बन्धी बोलपत्र आह्वान गरिएको सूचना अनुसारको शर्तहरुमा उल्लेख भए अनुसारका सामानहरु बोलपत्र स्वीकृत भएको मितिले तोकिएको समयमा कबोल गरेको सम्पूर्ण रकम बुझाई दाखिला गरि सामान उठाई लैजान मेरो/हाम्रो ईच्छा भएकोले सो सूचनामा उल्लिखित शर्तहरु र बोलपत्र फाराम भरि धरौटीको कागज र अन्य आवश्यक कागजातहरु यसैसाथ संलग्न गरि यो गोप्य सिलबन्दी बोलपत्र फाराम भरि पेश गरेको छु/छौं ।

जिन्सी सामान लिलाम बिक्री बारेको सूचना र बोलपत्र फाराममा उल्लेख भए अनुसारका शर्तहरुको अधिनमा रहि तोकिएको म्यादभित्र सामान उठाई लैजान मेरो/हाम्रो मन्जुरी छ । उक्त बोलपत्रम आफूले कबोल गरेको अंकको १० % ले हुने रकम यसै मन्त्रालयको नाममा जम्मा हुने गरि कोष तथा लेखा नियन्त्रक कार्यालयको धरौटी खातामा जम्मा गरेको रु. ........................... (अक्षेरेपी.......................) को बैंक भौचर/बिड बण्ड यसै साथ संलग्न गरेको छु/छौं । उक्त बिडबण्डको म्याद ............ सम्मको रहेको छ । उक्त बोलपत्र स्वीकृत भएमा बोलपत्रमा उल्लेख भए अनुसार नै रकम जम्मा गर्नेछु/छौं ।

**बोलपत्रदाताको नाम:**

**दस्तखत:**

**ठेगाना:**

**फोन नं:**

**मिति:**

**छाप:**

बोलपत्रका शर्तहरु/बोलपत्रदातालाई निर्देशन

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समय सम्म यस मन्त्रालयको खरिद इकाईबाट रु.१०००।- (अक्षेरेपी एक हजार रुपैया मात्र) फिर्ता नहुने गरि यस मन्त्रालयको कार्यालयको राजश्व शीर्षकमा जम्मा गरिएको भौचर पेश गरि वा नगदै दाखिला गरि खरिद गर्न सकिनेछ । अन्तिम दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेपछि कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. मन्त्रालयबाट स्वीकृत भएको बोलपत्रमा नै बोलकबोल अंक भरि प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२:०० बजेसम्म सिलवन्दी गरि मन्त्रालयको स्टोर शाखामा दर्ता गराउनुपर्नेछ। बोलपत्र बुझाउने अन्तिम दिन बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन १२:०० बजेसम्म बोलपत्र दर्ता गर्नुपर्नेछ। बोलपत्र फाराम सिलबन्दी गरि खामको बाहिर बोलपत्र दाताको नाम, ठेगाना, सम्पर्क नम्बर खुलाई "संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको जिन्सी सामान लिलाम सम्बन्धी बोलपत्र २०८२" उल्लेख भएको हुनुपर्नेछ।

३. सिलबन्दी बोलपत्र साथ आफूले कबोल गरेको अंकको १० (दश) प्रतिशतले हुन आउने बोलपत्र जमानत बापतको रकम यस मन्त्रालयको नाममा जम्मा हुने गरि कोष तथा लेखा नियन्त्रक कार्यालयको एभरेष्ट बैंक लिमिटेड, सिंहदरबारको शाखामा रहेको धरौटी खातामा नगद जम्मा गरेको बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले ४५ दिन म्याद भएको बाणिज्य बैंकद्वारा यस मन्त्रालयको नाममा जारी भएको सोहि रकम बराबरको बैंक ग्यारेन्टी बिडबोण्ड पेश गर्नुपर्नेछ।

४. प्राप्त हुन आएका बोलपत्रहरु ८ औं दिनको १:०० बजे यस मन्त्रालयमा बोलपत्रदाता वा निजहरुको अधिकृत प्रतिनीधिको रोहबरमा खोलिनेछ सो दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन १:०० बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजहरुको प्रतिनीधि उपस्थित नभएमा पनि खोलिने कार्य रोकिनेछैन ।

५. बोलपत्रदातहरुले बोलपत्र दाखिला गर्नु अगावै यसै साथ दिईएको बोलपत्र डकुमेन्टहरु (करारका सामान्य शर्तहरु, बील अफ क्वाण्टिटिज लिलाम बिक्री गरिने सामानको विवरणहरु बोलपत्रका शर्तहरु आदी) राम्ररी अध्ययन गरि सम्झि बुझि बोलपत्र फाराम भर्नुपर्नेछ । बोलपत्र स्वीकृत भए पछि तोकिएको समयमा बाँकी रकम दाखिला गरि तोकिएको म्याद भित्र सामान उठाई लैजानु पर्नेछ ।

६. मालसामानको कूल न्यूनतम मूल्य रु. **पचहत्तर हजार चार सय त्रिचालिस पैसा चौतिस** मात्र कायम भएकोले सो रकम देखि माथि मात्र कबोल अंक लेख्न सकिनेछ । बोलपत्र स्वीकृत भएको बोलपत्रदाताले आफूले कबोल गरेको रकममा नियमानुसार लाग्ने मूल्य अभिवृद्धिकर १३ प्रतिशत समेत थप गरि जम्मा हुन आउने रकम दाखिला गर्नुपर्नेछ ।

७. बोलपत्र दाखिला गर्दा यसै साथ दिईएको बिल अफ क्वाण्टिटिज (लिलाम गर्नुपर्ने सामानको विवरण अनुसारको सामानको लागि सोहि फारामको महलमा एकमुष्ठ कबोल अंक भरि अक्षरमा समेत खुलाई सम्पूर्ण बोलपत्र डकुमेन्टमा हस्ताक्षर गरि दाखिला गर्नुपर्नेछ ।)

८. रित नपुगेको वा म्याद नाघि आएको वा केरमेट भई अंक वा अक्षर नबुझिने तथा बोलपत्रदाताको हस्ताक्षर नभएको बोलपत्र उपर कारबाहि हुनेछैन ।

९. पर्न आएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहनेछ ।

१०. बोलपत्र स्वीकृत भएको सूचना पाएपछि ३ दिनभित्र कबोल गरेको सम्पूर्ण रकम जम्मा गर्नुपर्नेछ ।यस प्रयोजनका लागि बोलपत्र पेश गर्दा बैंक जमानत (बिडबण्ड) पेश गरेको भए शत प्रतिशत रकम र यस मन्त्रालयको धरौटी खातामा नगदै जम्मा गरेको भए बाँकी मन्त्रालयको राजश्वमा जम्मा गरिएको राजश्व भौचर पेश गरि सामान उठाई लैजानुपर्नेछ ।

११. बोलपत्र स्वीकृत भएको सूचना पाएपछि बोलपत्र फाराम साथ संलग्न लिष्ट बमोजिमको सामान जे जस्तो अवस्थामा जुन स्थानमा छ सोहि स्थानबाट ७ दिन भित्र उठाई लगि सक्नुपर्नेछ तोकिएको समयमा उठाउन नसकि उचित र पर्याप्त कारण संहित लिखित निवेदन दिएमा अधिकार प्राप्त अधिकारीले ७ दिन सम्म थप म्याद दिन सकिनेछ ।

१२. बोलपत्रदाताले आफूले कबोल गरेका सामानहरुको कूल मूल्य प्रष्ट रुपमा अंक र अक्षरमा केरमेट नगरि उल्लेख गर्नुपर्नेछ । अंकमा केरमेट वा अस्पष्ट भएमा फरक उल्लेख भएमा अक्षरमा उल्लेख भएकोलेलाई मान्यता दिइनेछ ।

१३. नियमानुसारको कुनै कर, दस्तुर आदि जे जति लाग्ने भएको सो रकम स्वीकृत भएको बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ । सामान ढुवानीमा लाग्ने रकम बोलपत्रदाता आफैले व्यहोर्नुपर्नेछ ।

१४. यसमा नपरेका अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछन् ।

## करारका सामान्य शर्तहरु

| | | |
|---|---|---|
| १. | शव्दावली (Terminology) | बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस करारमा निम्न बमोजिम शव्दावलीलाई निम्नानुसार अर्थ लगाएर प्रयोग गरिएका छन् । |
| १.१ | मन्त्रालय भन्नाले | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्दछ |
| १.२ | बोलपत्रदाता भन्नाले | बोलपत्र पेश गर्ने व्यक्ति, फर्म, कम्पनी वा सो को उत्तराधिकारी वा अधिकृत प्रतिनीधिलाई जनाउँछ । |
| १.३ | करार भन्नाले | करारमा उल्लिखित शर्तहरु वील अफ क्याण्डिटिज (लिलाम गरिने सामानको विवरण र त्यसमा कबोल गरिएको मोल समेतलाई जनाउँछ ।) |
| १.४ | काम भन्नाले | करार अनुसार लिलाम हुने कार्यलाई जनाउँछ । |
| २ | **स्वीकृत बोलपत्रदाताको दायित्व** | |
| २.१ | सामान लिलाम बिक्री गर्ने | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| २.२ | सामान उठाई लैजानुपर्ने अवधि | वील अफ क्वाण्टिटिज लिलाम गरिने सामानको विवरणमा उल्लखित सामानहरु एक पटक वा पटक-पटक गरि तोकिएको समय भित्र उठाई लैजानु पर्नेछ । |
| २.३ | अवधि थप | स्वीकृत वोलपत्रदाताले यथेष्ट कारणहरु खुलाई समय थप पाउनको लागि करारको । अवधि भित्रै लिखित माग गरेमा औचित्यको आधारमा ७ दिन सम्म म्याद थप दिन सकिनेछ। |
| २.४ | हर्जना वा धरौटी जफत | यस करार बमोजिम तोकिएको समयभित्र बोलपत्रदाताले रकम जम्मा गर्न नसकेमा वा सामान उठाई लैजान नसेकमा निजले राखेको धरौटी रकम जफत गरिनेछ । |
| २.५ | करार तोड्न सक्ने | क. करार बमोजिम काम नभएमा र करार बमोजिम गर्नुपर्ने काम इन्कार गरेमा ।<br>ख. करारको शर्त परिपालना नगरेमा । |
| २.६ | करार तोडी दोस्रो वा सो भन्दा पछिको बोलपत्र स्वीकार गर्न सकिने | करार तोडिएमा मन्त्रालयले दोस्रो वा सो भन्दा पछिल्लो क्रममा रहेको वोलपत्रलाई नियमानुसार स्वीकार गरि लिलाम बिक्रीको काम गर्न सकिनेछ । |
| २.७ | बादविवादको निरुपण | उल्लिखित शर्तनामाको विषयमा स्वीकृत बोलपत्रदाता र मन्त्रालयबीच कुनै मतभेद भएमा मन्त्रालयबाट नियुक्त अधिकृतले मध्यस्थता गरि मिलाईदिनेछ । मध्यस्थता गर्नेले दिएको निर्णय अन्तिम हुनेछ र सो निर्णयलाई दुवै पक्षले स्वीकार गर्नुपर्नेछ । |
| २.८ | यसमा नपरेका अन्य कुराहरु | प्रचलित ऐन नियमानुसार हुनेछ । |

**बोलपत्रदाताको ग्राह्यता सम्बन्धी आधार तथा कागजातहरु**

बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातमा आफ्नो ग्राह्यता (इलिजिविलिटी) को आधार तथा त्यस्तो आधार प्रमाणित देहायका संलग्न गर्नुपर्नेछ ।

१.	फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण (आवश्यक समय सम्मको लागि नवीकरण)

२.	मूल्य अभिवृद्धिकर दर्ता तथा प्यान दर्ता प्रमाणपत्र ।

३.	आ.ब.२०८०/८१ सम्म कर चुक्ता गरेको प्रमाण वा सो अवधि सम्मको कर विवरण दाखिला गरेको प्रमाण।

४.	बोलपत्र दाताले खरिद कारबाहिमा भाग लिन अयोग्य नभएको, खरिद कारबाहिमा आफ्नो स्वार्थ नबाँझिएको पेशा सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा व्यक्त गरेको कागजपत्रहरु ।

नेपाल सरकार
सिंहदरबार, काठमाण्डौ

## बोलपत्र मूल्याङ्कन सम्बन्धी आधार तथा तरिका

खरिद कारबाहिमा लिन योग्य प्रस्ताव दाताको प्रस्ताव देहायको आधार भित्र मूल्याङ्कन गरिनेछ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

- बोलपत्र दाताले गरेको बोलपत्रको पूर्णता परीक्षण पश्चात वित्तीय तुलना गरि प्राथमिकता क्रम निर्धारण गरिनेछ ।
- यस बाहेक सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ र सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम विक्रि सम्वन्धी कार्यविधी २०७९ मा तोकिएका अन्य कुराहरुलाई समेत मूल्याङ्कनको आधारको रुपमा लिईनेछ ।

# खरिद कारबाहिमा भाग लिन योग्य भएको घोषणा पत्र

## जो जस सँग सम्बन्ध राख्दछ ।

कुनै पनि किसिमको खरिद कारबाहिमा भाग लिन अयोग्य नभएको, खरिद कारबाहिमा आफ्नो स्वार्थ नबाँझिएको र पेशा सम्बन्धी कसुरमा कुनै किसिमको सजाय नपाएको व्यहोरा घोषणा गर्दछु ।

बोलपत्रदाताको,

नाम:

दस्तखत:

मिति:

फर्मको छाप:

उल्लिखित सामानहरु जे जस्तो अवस्थामा छन् सोहि अवस्थामा म/हामी बाट निम्न बमोजिमको रकममा सकार गर्न/बोल कबोल गर्न मञ्जुर छु/छौं । कबोल गरेको रकममा लाग्ने मूल्य अभिवृद्धिकर लगायतका करहरु म/हामी तिर्न बुझाउन राजी छु/छौं ।

मूल्य अभिवृद्धिकर बाहेकको कबोल अंक रु. ............................ अक्षेरेपी ........................................................................................................................................................ ................................................................................. मात्र ।

मितिः २०८२/०३/..

फर्म तथा कम्पनीको नाम र छापः

बोलपत्र पेश गर्नेको दस्तखतः

नामथरः

फर्मको नामः

सम्पर्क नम्बरः

ठेगानाः

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (यसपछि प्रथम पक्ष भनिएको) श्री .............................................................................................. यसपछि द्वितीय पक्ष भनिएको बीच तल उल्लिखित शर्त अनुसार स्वीकृत बिल अफ क्वाण्टिटिज बमोजिमका सामानहरु लिलामको पुराना जिन्सी माल सामानहरु उठाई लाने सम्बन्धमा दुवै पक्ष मञ्जुर भई यो सम्झौता पक्षमा हस्ताक्षर गरि लियौं दियौं ।

<u>सम्झौताका शर्तहरु</u>

१. यो सम्झौता आधिकारिक हस्ताक्षर भएको मिति देखि लागू हुनेछ । सम्झौताको अवधि हस्ताक्षर भएको मितिले ७ (सात) दिन रहनेछ ।

२. मन्त्रालयबाट स्वीकृत लिलामका सामानहरु एकै पटक वा पटक पटक गरि द्वितीय पक्षले उठाई लैजानुपर्नेछ ।

३. द्वितीय पक्षले तोकिएको समय भित्र सामान उठाउन नसक्ने जानाकारी प्रथम पक्षलाई गराएमा सम्झौताको शर्त नम्बर १ मा भएको अवधिमा ७ (सात) दिन थप हुन सक्नेछ ।

४. यो सम्झौता अन्तर्गत भएका कारोवारको प्रचलित कानुन अनुसार तिर्नुपर्ने सम्पूर्ण करहरु द्वितीय पक्षले व्यहोर्नु पर्नेछ ।

५. लिलाम भएका सामानहरु द्वितीय पक्षले उठाई लगे बापत प्रथम पक्षबाट कुनै रकम भुक्तानी गरिनेछैन ।

६. सम्बन्धित पदाधिकारी सन्तुष्ट हुन सक्ने उचित र पर्याप्त कारण बिना स्वीकृत बिल अफ क्वाण्टिटिजको सामान उठाउन नसकेमा अधिकार प्राप्त अधिकारीबाट निर्णय भए अनुसार द्वितीय पक्षले हर्जाना व्यहोर्नुपर्नेछ । हर्जाना रकम धरौटीबाट र सोबाट नपुगेमा आपूर्तिकर्ताको घरघरानाबाट असुल उपर हुनेछ ।

७. यो करारमा उल्लिखित शर्तहरुको पालना गर्नु दुवै पक्षको दायित्व हुनेछ ।

८. करार भङ्ग हुन सक्ने:

   ८.१ करारमा उल्लिखित शर्तहरुको परिपालना नगरेमा ।

   ८.२ करार बमोजिम सामान आपूर्ति गर्न इन्कार गरेमा ।

   ८.३ पहिलो पक्षले सामान आपूर्ति गर्न वीचैमा वन्द गरेमा ।

   ८.४ दोस्रो पक्ष (संगठित संस्थ भएमा) लिक्वीडेशनमा गएमा ।

९. यो करार बीचैमा तोडिएमा मन्त्रालयले अर्को व्यवस्था गरि काम गराउन सक्नेछ । यसरी काम गराउँदा लागेको बढी रकम यो सम्झौता गर्ने द्वितीय पक्षले व्यहोर्नु पर्नेछ । साथै द्वितीय पक्षको कारणले ठेक्का तोडिएमा कालो सूचीमा राख्ने तर्फ कारबाहि समेत हुन सक्नेछ ।

१०. यो करार सम्बन्धमा दुवै पक्ष वीच मतभेद भएमा यस मन्त्रालयबाट नियुक्त मध्यस्थकर्ताले मध्यस्थता गर्नेछ।

११. करारका सामान्य शर्तहरु, करारका विशेष शर्तहरु, स्वीकृत बिल अफ स्वान्टिटिज लगायतका डकुमेन्टहरु यो करारको एक पार्टको रुपमा रहनेछ ।

१२. यो करारसँग सम्बन्धित यसमा नपरेका कुराहरु नेपालको प्रचलित ऐन नियमानुसार हुनेछ ।

## आधिकारिक हस्ताक्षर

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको तर्फबाट

सहि:

नाम:

पद:

मिति:

साक्षी

सहि:

नाम:

पद:

सम्पर्क नं.:

मिति:

लिलाम सरकारकर्ताको तर्फबाट

सहि:

नाम:

पद:

सम्पर्क नं.:

मिति:

साक्षी

सहि:

नाम:

पद:

सम्पर्क नं.:

मिति:

नेपाल सरकार

**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

# पुराना जिन्सी मालसामानहरुको लिलाम सम्बन्धी ७ दिने सूचना !

**सूचना प्रकाशन भएको मितिः २०८२।३।२१ गते शनिबार**

लिलाम विक्रि हुने सामानहरुको परिमाण तथा मुल्यांकन गरिएको कवोल रकम सूची

| क.सं. | मालसामानको नाम | स्पेशिफिकेशन | परिमाण( थान/कि. ग्रा.) | मुल्यांकन समितिको मुल्यांकनवाट कायम हुन आएको कुल मुल्य | लिलाम सकार गर्न कवोल मुल्य रु. | |
|---|---|---|---|---|---|---|
| | | | | | अंकमा | अक्षरमा |
| १ | टेलिभिजन | | १ | २७२८.६८ | | |
| २ | सि.सि. क्यामरा | | ३ | १९४५.७९ | | |
| ३ | ग्यास चुल्हो | | १ | ८४४.६९ | | |
| ४ | डेक्सटप कम्प्युटर सेट | | ११ | १६७०४.१४ | | |
| ५ | ल्यापटप कम्प्युटर सेट | | ९ | २६५४८.९१ | | |
| ६ | प्रिन्टर | | १२ | ५४८९.३१ | | |
| ७ | एयर कन्डिसनर | | १ | १७१८.०६ | | |
| ८ | UPS | | ४ | १२५८.१३ | | |
| ९ | पंखा स्टान्ड भएको | | २ | ८५२.३७ | | |
| १० | ग्यास हिटर | | २ | २३७३.०५ | | |
| ११ | टेवल | | २ | ३४३.८५ | | |
| १२ | दराज स्टीलको | | २ | ५१३२.९० | | |
| १३ | कम्प्युटर टेवल | | २ | ५३४.९८ | | |
| १४ | र्‍याक | स्टील | ९ | ३४१४.७७ | | |
| १५ | स्टुल | | ६ | ६८८.६३ | | |
| १६ | कुर्सी | स्टील | १५ | ११३५.८७ | | |
| | कुर्सी | साधारण तथा मिटिङ्ग | १६ | १५६९.१२ | | |
| १७ | बुक स्टयान्ड | | ८० | २८५.०९ | | |
| १८ | गाडि तथा अन्य मेशिनरी सामान मर्मत गर्दा निस्किएका कवाड सामानहरु | | ५० | १८७५.०० | | |
| | | | जम्मा रु. | ७५४४३.३४ | | |
| | | | मुल्य अभिवृद्धि कर १३ प्रतिशत रु. | | | |
| | | | कुल जम्मा रु. | | | |